आज मिति २०७८ साल चैत्र महिनाको २४ गते बिहिवार का दिन यस वेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा विभिन्न विषयमा नगरपालिकाको ८१ औं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थितिहरु :-

| | | | |
|---|---|---|---|
| | १, | प्रमुख | श्री गुमान सिंह अर्याल |
| | २, | उप - प्रमुख | श्री लक्ष्मी देवी अधिकारी |
| | ३, | प्र. प्र. अधिकृत | श्री डुमनाथ कडेल |
| | ४, | वडा अध्यक्ष वडा नं (१) | श्री वलराम श्रेष्ठ |
| | ५, | —,,— (२) | श्री गजेश वहादुर कडेल |
| | ६, | —,,— (३) | श्री सुर्य कुमार श्रेष्ठ |
| | ७, | —,,— (४) | श्री लाल बीर गुरुङ |
| अनुपस्थिति | ८, | —,,— (५) | श्री वम वहादुर गुरुङ |
| अनुपस्थित | ९, | —,,— (६) | श्री भोज वहादुर रिमाल |
| | १०, | —,,— (७) | श्री गोविन्द वस्नेत |
| | ११, | —,,— (८) | श्री पवित्रा थापा राना |
| | १२, | —,,— (९) | श्री शरद वराल |
| | १३, | —,,— (१०) | श्री पुर्ण वहादुर थापा |
| | १४, | —,,— (११) | श्री अच्यूत वावु वगाले |
| | १५, | कार्यपालिका सदस्य | श्री विष्णु माया राना |
| | १६, | —,,— | श्री मन्दिरा दनाई |
| | १७, | —,,— | श्री देव वहादुर गहतराज |
| | १८, | —,,— | श्री अजय मजाकोटी |
| | १९, | —,,— | श्री मन माया गुरुङ |
| | २०, | —,,— | श्री दोज वहादुर खवास |
| | २१, | —,,— | श्री कृष्ण नेपाली |
| | २२, | —,,— | श्री आशा तामाङ |

सहजकर्ता कर्मचारीहरु :-

| | | |
|---|---|---|
| २३, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २४, | अधिकृत | श्री विमला गैह्रे |
| २५, | ना. सु. (सहायकस्तर पाचौं) | श्री गोविन्द वहादुर राउत |

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७८ चैत २४ गतेको बैठकका एजेण्डाहरु***

- बजेट समायोजन सम्बन्धमा ।
- चालु आ.व.मा सशर्त तर्फ प्राप्त कार्यक्रम तथा बजेट सम्बन्धमा
  - राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम ९१ लाख ५० हजार
  - आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको भुक्तानी  ३० लाख ३५ हजार
- ७ नं वडा कार्यालयको भवन निर्माण अघि बढाउने सम्बन्धमा (जग्गा संरक्षण र कटिङ फिलिङ कार्य )
- स्वास्थ्य सेवा केन्द्रमा (वडा नं ११) स्वास्थ्यकर्मी (अनमी) व्यवस्थापन सम्बन्धमा ।
- लमजुङ दरबार हेरचाह कार्यालयका कार्यालय सहयोगीको समायोजन सम्बन्धमा ।
- अस्पताल सञ्चालन इजाजत सम्बन्धमा ।
- योजना संशोधन सम्बन्धमा (वडा नं १० अघिल्लो बैठकमा लेख्न छुट भएको )
- मत गणनास्थलको लागि सिसी क्यामेरा खरीद सम्बन्धमा ।
- औद्योगिक ग्राम पूर्वाधार विकास सम्बन्धमा ।
- राजश्व शाखासंग सम्वन्धित विषयको सम्बन्धमा
  - ठेक्का सम्झौताको रकम फिर्ता सम्बन्धमा ।
  - ठेक्का नलागेको घाटको सम्बन्धमा ।
  - नीजि जग्गाहरुको प्राकृतिक श्रोत संकलन अनुमति सदर गर्ने सम्बन्धमा
  - स्मार्ट सेलको भाडा वापतको रकम नगरपालिकामा दाखिला गर्ने सम्बन्धमा ।
- प्रदेश समपुरक र सशर्ततर्फका योजनाहरुको सम्बन्धमा ।
- युनिभर्सल चोक मकैडाँडा सारिङ सडकको सम्बन्धमा
- विविध
  - एम्बुलेन्स प्रोत्साहन सम्बन्धमा (कोभिडको समयमा कार्य गरेवापत)
  - सर्वोच्च अदालतको आदेश सम्बन्धमा ।
  - निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं. १: बजेट समायोजन सम्बन्धमा ।**

चालु आ.व. २०७८।७९ को आन्तरिक श्रोत फुटकर शिर्षकमा राखिएको बजेट भन्दा विभिन्न योजना तथा कार्यक्रममा विनियोजित रकम बढी देखिन गएको हुँदा स्थानीय राजश्वतर्फको प्राकृतिक श्रोत उपयोग बिक्रीकर शिर्षकमा अनुमानभन्दा बढी आम्दानी देखिएकोले उक्त शिर्षकबाट आन्तरिक आयको फुटकर शिर्षकमा रु. ४० लाख थप गर्ने तथा चालु तर्फ मेयरकप खेलकुँद प्रतियोगितामा रहेको बजेट रु. ७ लाख

रकमान्तर गरी सोही फुटकर शिर्षकमा राखी स्वीकृत गरिएका योजना तथा कार्यक्रमहरुमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २ : चालु आ.व.मा सशर्त तर्फ प्राप्त कार्यक्रम तथा बजेट सम्बन्धमा**

चालु आ.व. २०७८।७९मा सशर्त अनुदान चालु तथा पूँजीगततर्फ देहाय वमोजिमका कार्यक्रम तथा बजेट यस बेसीशहर नगरपालिकामा प्राप्त भएको हुँदा उक्त कार्यक्रमहरुलाई प्रभावकारिताका साथ तुरुन्त कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

(अ)राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम (पूँजीगत)

**(क) विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन)** **रु. ७२ लाख**

१ अन्नपूर्ण माविं बेनपा ५, ४ कोठे भवन : ३६ लाख

२ जनकल्याण मावि बेनपा १, २ कोठे भवन : १८ लाख

३ नारायण प्रावि, बेनपा १०, २ कोठे भवन बेसीभाचोक : १८ लाख

**(ख) विद्यालय IT Lab स्थापना, सुदृढिकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान** **रु. १९ लाख ५० हजार**

१.जनविकास मावि बेनपा ७ बेसीशहर, आइसिटि व्यवस्थापन : ६ लाख ५० हजार

२.जनविकास मावि बेनपा ७ चण्डीडाँडा, आइसिटि व्यवस्थापन : ६ लाख ५० हजार

३.जनकल्याण मावि बेनपा ३ चिती, आइसिटि व्यवस्थापन : ६ लाख ५० हजार

**(आ) माग र प्रगतिको आधारमा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको भुक्तानी (चालु) :** **रु. ३० लाख ३५ हजार**

**निर्णय नं. ३ : ७ नं वडा कार्यालयको भवन निर्माण अघि बढाउने सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिका ७ नं वडा कार्यालयको भवन निर्माण कार्य अन्तर्गत पहिलो चरणमा जग्गा संरक्षण र कटिङ फिलिङको काम गर्नु पर्ने भएको र उक्त कार्यको लागि ठेक्का प्रक्रियामा जाँदा फलामको दररेटभन्दा बजारभाउ बढी भएकोले ठेक्का नपर्ने सम्भावना तथा परे पनि ठेक्का बन्दोबस्तीबाट वर्षा लाग्नु अगावै कार्य सम्पन्न गर्न नभ्याइने अवस्था रहेकोले यदि मनसुन अघि उक्त कार्य गर्न नसकेमा माटो पनि बग्ने तथा जमिनमा पनि थप क्षति पुग्ने हुँदा जिल्ला समन्वय समितिबाट प्राप्त हुने बजेट र नगरपालिकाबाट विनियोजित बजेटबाट उपभोक्ता समितिमार्फत सो योजनाको कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : स्वास्थ्य सेवा केन्द्रमा (वडा नं ११) स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धमा ।**

कार्यपालिकाको गत बैठकको निर्णय वमोजिम वडा नं ११ मा स्थापना गरिएको घुम्ती स्वास्थ्य सेवाकेन्द्र सञ्चालनको लागि आवश्यक पर्ने स्वस्थ्यकर्मीको रुपमा वडा नं ५ को बर्थिङ सेन्टरमा करार सेवामा कार्यरत अनमी श्री सुस्मिता थापालाई सर्शर्ततर्फको स्थानीय तहका स्वास्थ्य चौकी प्रा.स्वा. के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब महंगी भत्ता, स्थानीय भत्ता पोशाक लगायत प्रशासनिक खर्च समेतको कार्यक्रम शिर्षकबाट तलब भत्ता व्यहोर्ने गरी खटाउने र उक्त बर्थिङ सेन्टरमा नयाँ स्वास्थ्यकर्मी पदपूर्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : लमजुङ दरबार हेरचाह कार्यालयका कार्यालय सहयोगीको समायोजन सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिका वडा नं ३ स्थित लमजुङ दरबार हेरचाह कार्यालयमा कार्यरत कार्यालय सहयोगीलाई बेसीशहर नगरपालिका अन्तर्गत समायोजन गर्ने तथा सो दरबार हेरचाह र संरक्षणको लागि नगर कार्यपालिकाले संघीय सरकारमा अनुरोध गरेको हुँदा यदि संघीय सरकारले जिम्मेवारी लिएमा सोही बमोजिम हुने निर्णय गरियो ।

**निर्णय नं. ६ : अस्पताल सञ्चालन इजाजत सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिका वडा नं ८ स्थित लमजुङ कालिका हस्पिटल प्रा.लि.ले इजाजत प्राप्त गर्नको लागि यस नगरपालिकामा दिएको निवेदन तथा निवेदनसाथ संलग्न कागजात र सो को अनुगमन प्रतिवेदन एवम् नेपाल सरकारले जारी गरेको जनस्वास्थ्य सेवा नियमावली २०७७ को नियम ११ र १२ तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ समेतका आधारमा सो हस्पिटललाई सञ्चालनको इजाजत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : योजना संशोधन सम्बन्धमा ।**

चालु आ.व.२०७८।०७९ का देहाय वमोजिमका वडास्तरीय योजना तथा कार्यक्रमहरु देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| १.वडास्तरीय युवा तथा खेलकुँद, बेनपा १० | ५०००० | १.मेन सडक तीसमुरेचोकदेखि भाचोकखोला दोभान मरनघाट मोटरबाटो निर्माण बेनपा १० (नपास्तरीय,तोक समेत गरी जम्मा ३ लाख कायम भएको) | ५०००० |
| २.विपद् व्यवस्थापन र फुटकर खर्च बेनपा १ | ५००००० | २.१ सुकमाया विकको घर पछाडिको बाटो सिंढी निर्माण बेनपा १<br>२.२ विसको कुलो मुनिको सिंढी निर्माण<br>२.३ गोरक्ष युवा क्लव विद्युत जडान<br>२.४ क्यालेण्डर प्रकाशन सहयोग (चिती कार्कीडाँडा सेवा समाज) | ५५०००<br>१५०००<br>१००००<br>५००० |
| ३.कृषि तथा पशु लक्षित कार्यक्रम, बेनपा १ | २००००० | ३. बंगुर वितरण कार्यक्रम, बेनपा १ | २००००० |
| ४. महिला लक्षित सीप विकास तालिम, बेनपा ८ | १००००० | ४. विभिन्न सीपमूलक तालिम सञ्चालन ( फूलबारी आमा समुह मार्फत कार्यान्वयन गर्ने गरी) बेनपा ८ | १००००० |

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| ५.युवा लक्षित सीप विकास तालिम, बेनपा ८ | १००००० | ५.लागु औषध दुर्व्यसन रोकथाम सम्बन्धी सचेतना कार्यक्रम बेनपा ८ (मर्स्याङ्दी युवा क्वल मार्फत कार्यान्वयन गर्ने गरी) | १००००० |
| ६.बेसीशहर खानेपानी उपभोक्ता समितिको कार्यालय अगाडिको अधुरो मिनिपार्क निर्माण बेनपा ८ | ५०००० | ६.कमल खत्रीको घरदेखि विनायक टोलसम्मको सडक स्तरोन्नति बेनपा ८ | ५०००० |

**निर्णय नं. ८ : मत गणनास्थलको लागि सिसी क्यामेरा खरीद सम्बन्धमा ।**

निर्वाचन आयोगबाट प्राप्त पत्रानुसार २०७९ बैशाख ३० गते सम्पन्न हुने स्थानीय तहको निर्वाचनको मतगणनास्थलमा सिसी क्यामेरा जडान गर्नुपर्ने भएकोले आयोगले तोकेको स्फेसिफिकेसनको सिसि क्यामरा खरिद गरी मतगणनास्थलमा जडान गर्ने साथै सो कार्यको लागि फुटकर शिर्षकबाट रु. ५ लाख विनियोजन गर्ने तथा मतगणना सम्पन्न भए पश्चात उक्त सिसी क्यामेरा नगरपालिकामा ल्याई आवश्यक स्थानमा जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : औद्योगिक ग्राम पूर्वाधार विकास सम्बन्धमा ।**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयको च.नं १३९ मिति २०७८।११।२३ को प्राप्त पत्रानुसार यस बेसीशहर नगरपालिकाको क्षेत्रमा औद्योगिक ग्राम घोषणा भएको र यसै नगरपालिका वडा नं ९ स्थित सितलेस्वाँरामा औद्योगिक ग्राम पूर्वाधार विकासको लागि सो मन्त्रालयको औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी (संशोधन २०७७ सहित) कार्यविधि २०७५ वमोजिम सम्झौता गरी आवश्यक कागजात सहित बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : ठेक्का सम्झौताको रकम फिर्ता सम्बन्धमा ।**

आर्थिक वर्ष २०७८।७९ का लागि यस कार्यालयले लगाएको आय ठेक्काहरु मध्ये ठेक्का नं. १४, मर्स्याङदी नदी, आर्मी ब्यारेक पुछारको घाटमा सबैभन्दा बढी कवोल अंक पेश गर्ने श्री मायन्स कन्स्ट्रक्सन कम्पनीसँग मिति २०७८।०४।२४ मा रु. १३ लाख ७८ हजार ३९९ मा सम्झौता भई कार्य अनुमति दिइएकोमा गत वर्ष र यस वर्ष समेत अविरल वर्षातका कारण आएको बाढीले मर्स्याङदी नदीका अधिकांश स्थानहरुमा ठूलो क्षति पुऱ्याई धनजनको समेत नाश गरेको अवस्थामा यस कार्यालयबाट लगाइएको उक्त ठेक्कामा समेत वाढीले पूर्ण रुपमा क्षति पुऱ्याएको र उक्त स्थान माथि उदीपुरमा गएको ठूलो पहिरोका कारण बाटो समेत अवरुद्ध भएकाले सो स्थानमा वालुवा उत्खनन्को काम नै हुन नसकेको साथै तत्काल उक्त घाटमा बाटो निर्माण तथा मर्मतको कार्य गर्न नसकिने प्राविधिक प्रतिवेदन पेश भएकाले उक्त क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री वितरण गर्न रोक लगाउनु पर्ने भएकाले ठेक्का वापत राखेको रकम रु. १३ लाख ७८ हजार ३९९ निज ठेकेदारलाई फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं. ११ : ठेक्का नलागेको घाटको सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०७८।७९ का लागि यस कार्यालयले लगाएको प्राकृतिक श्रोत विक्री करको आय ठेक्कामा तेस्रो पटक सम्म सूचना प्रकाशन गर्दा समेत कुनैपनि ब्यक्ति, संस्था वा फर्मको बोलपत्र पेश नभएको र उक्त स्थानहरुमा अनुमति विना ढुंगा, गिटी, वालुवा आदि अनाधिकृत रुपमा चोरी निकासी भइरहेको गुनासो प्राप्त भएकोले चालु आ.वको बाँकी अवधीको लागि उक्त स्थानमा भएको नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उत्खनन् गरी जम्मा गर्ने र जम्मा गरेको परिमाणको प्राविधिक मूल्यांकन गरी कार्यालयले तोकेको दररेटमा राजश्व लिई इच्छुक ब्यक्ति वा संस्थालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. १२ : निकासी अनुमति सदर गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका स्थित निजी जग्गाहरुबाट प्राकुतिक स्रोत-साधनको संकलन्, उत्खनन् तथा ओसारपसारको लागि इजाजत प्रदान गर्ने कार्यविधि, २०७७ को अधिनमा रही बेसीशहर नगरपालिका क्षेत्रभित्रका नीजि जग्गा तथा सार्वजनिक स्थानमा योजना निर्माण गर्ने क्रममा निस्किएको ढुंगा, रोडा लगायतका प्राकृतिक श्रोतको नियमानुसार राजश्व दाखिला गरी निकासीको लागि दिइएका अनुमतिहरु सदर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ : स्मार्ट सेलको भाडा वापतको रकम नगरपालिकामा दाखिला गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ४ को पुरानोकोट डाँडामा स्मार्ट सेलले राखेको टावरको जग्गा भाडा हालसम्म प्रभावित क्षेत्रका बासिन्दाहरु र र सो कम्पनी विच सम्झौता भई सो रकम समुदायले लिंदै आएको बुझिन आएकोले अवदेखि भाडा वापतको उक्त रकम नगरपालिकामा दाखिला गर्न लगाउने र सो रकम नगरपालिकाले सम्बन्धित क्षेत्रको विकास निर्माणमा विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ : प्रदेश समपुरक र सशर्ततर्फका योजनाहरुको सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकारको समपुरक, सशर्त र विशेष अनुदान कार्यविधिमा समपुरक, विशेष र सशर्ततर्फका योजनाहरुमा रकम खर्च गर्दा उपभोक्ता समितिमार्फत गर्न पाइने छैन भन्ने उल्लेख भएतापनि बेसीशहर नगरपालिकामा चालु आव २०७८।०७९ को प्रदेश सशर्त र समपुरक तर्फका योजनाहरु कार्यान्वयन गर्ने क्रममा सार्वजनिक खरीद ऐन र नियमावलीको परिधिभित्र रही प्रदेश सरकारसंगको मौखिक सहमति समेतका आधारमा कार्यपालिका बैठकबाट निर्णय गरी उपभोक्ता समितिबाट कार्यान्वयन गरिएको र उक्त योजनाहरु विगत ठेक्का प्रक्रियाको तुलनमा प्रभावकारीरुपमा सम्पन्न हुने अवस्था रहेको हुँदा सोही व्यहोरा सम्वन्धित निकायहरुमा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. १५ : युनिभर्सल चोक मकैडाँडा सारिङ सडकको सम्बन्धमा**

बेसीशहर युनिभर्सल चोक मकैडाँडा सारिङ सडक निर्माणको लागि ठेक्का पाएको निर्माण कम्पनीले निर्माण कार्यमा ढुंगा गिटीको समस्या देखाई काममा ढिलाई गरेको हुँदा नगरपालिका क्षेत्र भित्र तथा निर्माण क्षेत्र वरिपरि रहेका ढुंगा गिटी नियमानुसार राजश्व बुझाई निर्माण कार्यमा प्रयोग गर्ने गरी संकलन गर्न दिने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/१२/२४ गतेको बैठक

**निर्णय नं. १६ : एम्बुलेन्स प्रोत्साहन सम्बन्धमा**

संयुक्त एम्बुलेन्स चालक संघ जिल्ला शाखा लमजुङको मिति २०७८।१२।०४ को पत्र प्राप्त भई यस बैठकमा छलफल हुँदा कोभिड संक्रमण जोखिमको अवस्थामा आफ्नो स्वास्थ्यलाई समेत जोखिममा राखेर संक्रमितहरुको उपचारको लागि एम्बुलेन्स चालकहरुले दिनरात खटेर कार्य गरेको हुँदा यस नगरपालिका क्षेत्र भित्र सञ्चालित देहाय वमोजिका एम्बुलेन्सका चालकहरुलाई कोभिड कोषबाट व्यहोर्ने गरी प्रति चालक रु. १५ हजार र प्रशंसा पत्र सहित सम्मान गर्ने निर्णय गरियो ।

देहाय :

१.शंकर भण्डारी ग २ च ७३९२

२. सुनिल मिजार ग २ च ३०९८

३. विरबल दुलाल ग ३ च ७४९६

४. नारायण वाग्ले ग ३ च ५७०३

५.ईश्वरी बहादुर खत्री ग २ च ७३९१

६. सोम बहादुर घर्ती ग १ भ ३९५

७.कन्या प्रसाद सुनार ब २१ च ८८

८. दिपक गुरुङ ग ३ च ५३८१

९. प्रकाश परियार ग ३ च ५७०५

**निर्णय नं. १७ : सर्वोच्च अदालतको आदेश सम्बन्धमा ।**

रिट निवेदक श्री सुशिला श्रेष्ठ समेतले बेसीशहर नगर कार्यपालिकाको कार्यालयलाई विपक्षी बनाई बेसीशहर नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन २०७८ का सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा दिएको रिट निवेदन उपर सर्वोच्च अदालतबाट लिखित जवाफ पेश गर्न यस कार्यालयलाई आदेश भएको हुँदा कानूनले तोकको म्याद भित्र लिखित जवाफ पेश गर्नको लागि कानून व्यवसायी राख्ने तथा सो कार्यको लागि यस कार्यालयका कर्मचारी श्री रेशम घिमिरेलाई खटाउने निर्णय गरियो ।

**निर्णय नं १८ : तोक आदेशका निर्णयहरु अनुमोदन सम्बन्धमा ।**

हालसम्म बेला बखत नगर प्रमुखबाट तोक आदेशबाट भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ : निर्माण व्यवसायी इजाजत प्रदान गर्ने सम्बन्धमा ।**

देहायको फर्म/कम्पनीलाई बेसीशहर नगरपालिकाबाट प्रदान गरिने घ वर्गको निर्माण व्यवसायी इजाजत्र पत्र प्रदान गर्ने निर्णय गरियो ।

**देहाय**

शुभ इन्जिनियरिङ विल्डर्स, बेसीशहर नगरपालिका ३, रानीकुवा, लमजुङ (प्रो.अरुणकान्त घिमिरे, बेनपा ३)